निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, रौतहट
# DISTRICT ELECTION OFFICE, RAUTAHAT

पत्र संख्या : २०७९।०८०
चलानी नं. : ६५

मिति :२०७९।०६।०७

**विषयः सूचना प्रकाशन गरी मुचुल्का पठाईदिने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय,रौतहट
श्री जिल्ला प्रहरी कार्यालय, रौतहट
श्री मालपोत कार्यालय, रौतहट
श्री नापी कार्यालय, रौतहट
श्री १८ वटै स्थानीय तहको कार्यालय,रौतहट

उपरोक्त सम्बन्धमा निर्वाचन आयोग, नेपालबाट मिति २०७९।०४।३१ मा निर्णय भई मिति २०७९।०५।०१ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरी स्पष्टिकरण सोधिएकोमा तोकिएको समयमा निर्वाचन खर्चको विवरण पेश नगर्ने र कानूनले तोकेको समय व्यतित भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुले आफ्नो सफाई सहितको स्पष्टिकरण पेश गरेकोमा सो स्पष्टिकरणको व्यहोरामा कानुनको जानकारी नभएको, कार्यव्यस्तताले नभ्याएको, जिल्ला बाहिर रहनु परेको, निर्वाचन हारे पछि निर्वाचन खर्चको विवरण पेश गर्नुपर्छ भन्ने थाहा नभएको, विविध कारणले पेश गर्न नसकेको, बिरामी परेको लगायतका विषयहरु उल्लेख भएको देखिएकोमा निजहरुले पेश गरेको उक्त स्पष्टीकरणको व्यहोरा विश्वासयोग्य,चित्तबुझ्दो र सन्तोषजनक नदेखिएकोले निजहरुको हकमा स्थानीय तह निर्वाचन निर्देशिका २०७८ को दफा ३५ को उपदफा (६) सँग सम्बन्धित अनुसूची १३ को स्वघोषणाको क्रम संख्या १ को खण्ड (त) मा भएको निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता पुर्णरुपमा पालन गर्ने र सोही खण्ड (थ) मा भएको निर्वाचन आयोगले तोकिदिएको निर्वाचन खर्चको सिमाभित्र रही खर्च गर्न र खर्च सम्बन्धी आचरण पालना गर्न प्रतिबद्ध रहेको भनी उम्मेदवारी मनोनयन गर्दा गरेको स्वघोषणाको परिपालन गरेको नदेखिएकोले साथै निर्वाचन आचार संहिता, २०७९ को दफा १५ को खण्ड (ज) मा रहेको आम्दानी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम निर्वाचन आयोगले तोकेको ढाँचामा निर्वाचन कार्यालय वा आयोगमा बुझाउनु पर्ने भन्ने प्रावधानको समेत उल्लघंन गरेको देखिएकोले निजहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (१) बमोजिम देहाय अनुसार हुने जरिवाना भएको रकम असुल उपर गराउने तर्फ आवश्यक सहयोग पुर्‍याई दिनु हुन अनुरोध छ ।

**नोट :** यस कार्यालयबाट यसै पत्रसाथ संलग्न गरी पठाईएको प्रेस विज्ञप्ति र नाम नामेशी सहितको विधुतीय प्रति सम्बन्धित कार्यालय तथा सम्बन्धित स्थानीय तहको कार्यालयको Website,Facebook Page र सूचना पाटीमा सबैले देख्ने गरि नाम नामेशीको विवरण प्रकाशन गरी सोको मुचुल्का खडा गरी उक्त मुचुल्का यस कार्यालयमा यथासिघ्र प्राप्त हुने गरी कार्यालयको इमेल ठेगाना **deo.rautahat@election.gov.np** मा पठाईदिनु हुन अनुरोध छ ।

०६।०८

क्रमशः

जिल्ला निर्वाचन अधिकारी



Scanned with CamScanner

निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, रौतहट
DISTRICT ELECTION OFFICE, RAUTAHAT

पत्र संख्या : २०७९।०८०
चलानी नं. :

मिति :२०७९।०६।०७

निर्वाचन आयोग, नेपाल
जिल्ला निर्वाचन कार्यालय
गौर, रौतहट

<u>देहाय</u>

१. <u>जरिवाना रकम :</u>

क) नगरपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु. ४,५०,०००।- (चार लाख पचास हजार) रुपैया ।

ख) नगरपालिकाका वडा अध्यक्ष ,वडा सदस्य,महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु. २,००,०००।- (दुई लाख ) रुपैया ।

ग) गाउँपालिकाका प्रमुख र उपप्रमुख पदका उम्मेदवारहरुलाई जनही रु. ३,५०,०००।- (तीन लाख पचास हजार) रुपैया ।

घ) गाउँपालिकाका वडा अध्यक्ष, वडा सदस्य,महिला सदस्य र दलित महिला सदस्य पदका उम्मेदवारहरुलाई जनही रु. १,५०,०००।- (एक लाख पचास हजार) रुपैया ।

२. जरिवाना बापतको रकम ६(छ) महिना भित्र निर्वाचन आयोगको कार्यालय कोड नं. २१२००३५०१, राजश्व शिर्षक नं. १४३१२, राष्ट्रिय वाणिज्य बैंकमा दाखिला गरी दाखिला भएको भौचर सहितको निवेदन जिल्ला निर्वाचन कार्यालय,रौतहट वा निर्वाचन आयोगमा पेश गर्नु पर्नेछ ।

३. <u>जरिवाना रकम बुझाउने बैंक र राजश्व शिर्षक नं.</u>

१. राष्ट्रिय वाणिज्य बैंक लि. को राजश्व दाखिला फाराम ( अनुसूची २४) २ प्रति ।

२. कार्यालयको कोड : २१२००३५०१

३. कार्यालयको नाम : निर्वाचन आयोग,नेपाल

४. राजश्व शीर्षक नं. : १४३१२

२०७९।०६।०६
छोटे लाल दास
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

गौर, रौतहट, नेपाल फोन नं. (९७७-०५५) ५२०१०० / Gaur, Rautahat, Nepal Tel:(977-055) 520100
Email :- deo.rautahat@election.gov.np

Scanned with CamScanner